प्रति साधारण शेयर रु.१००/- अंकित
दरको ७९,१८,४४० कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गका इजाजतपत्र प्राप्त संस्था)
रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९
कर्पोरेट कार्यालय, एमबिएल टावर, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन नं. : ०१-४४२८५५६, फ्याक्स नं : ०१-४४२५३५६
इमेल: machbank@mbl.com.np, वेबसाइट: www.machbank.com

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला मितिः २०७४/०४/०५ गते
निष्काशन बन्द हुने मितिः २०७४/०५/०७ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति साधारण शेयरको दरले

हकप्रद शेयर निष्काशन बारेको सूचना

१० : १.२ को अनुपातमा (अर्थात् विद्यमान १० कित्ता शेयर बराबर नयाँ १.२ कित्ता शेयरको दरले)
शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन गर्नका लागि प्रकाशित

यस हकप्रद प्रयोजनको लागि मिति २०७४/०२/१६ मा शेयरधनी दर्ता किताब बन्द गरिएकोले सो मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरु मात्र यस निष्काशनमा आवेदन दिन योग्य रहेको ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७४/०२/०७

१. संगठित संस्थाको नाम :
माछापुच्छ्रे बैंक लिमिटेड (Machhapuchchhre Bank Limited) ।

२. रजिष्टर्ड कार्यालय :
यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९ मा रहेको छ भने कर्पोरेट कार्यालय एमबिएल टावर, लजिम्पाट, वडा नं. २ काठमाडौंमा महानगरपालिकामा रहेको छ ।

३. कारोवार स्थान :
यस बैंकले लाजिम्पाट, काठमाडौं स्थित आफ्नो कर्पोरेट कार्यालय लगायत काठमाडौं उपत्यका भित्र लाजिम्पाट, न्यूरोड, पुतलीसडक, नक्साल, नयाँ बानेश्वर, गोङ्गबु, चावहिल, बौद्ध, बालुवाटार, थापाथली, स्वयम्भू, पेप्सीकोला, ठिमी, कमलविनायक-भक्तपुर, पाटन, ग्वार्को र चापागाँउ तथा काठमाडौं उपत्यका बाहिर बनेपा, बिर्तामोड, इलाम, फिदिम, विराटचोक, इटहरी, धनकुटा, हिले, विराटनगर, राजविराज, मिर्चैया, जनकपुर, महेन्द्रनगर-जनकपुर, मटिहानी-महोत्तरी, विरगंज, नारायणगढ, गजुरी-धादिङ्ग, आँबुखैरेनी-तनहुँ, दमौली, दुलेगौडा, लेखनाथ, नयाँबजार-पोखरा, महेन्द्रपुल-पोखरा, रामबजार-पोखरा, लेकसाइड-पोखरा, बगर-पोखरा, बेनी, बाग्लुङ, जोमसोम, स्याङ्जा, वालिङ्ग, पाल्पा, परासी, बुटवल, भैरहवा, दाङ, सल्यान, नेपालगञ्ज, धनगढी र कर्जन्हा एक्स्टेन्शन काउण्टर-सिरहाबाट नेपाल राज्यभर बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही थप शाखा वा अन्य कार्यालय विस्तार गर्दै लगिनेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
बैंकको संक्षिप्त परिचय: माछापुच्छ्रे बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०५४/११/०४ मा नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको कम्पनी हो । साथै मिति २०५७/०६/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी कम्पनीले मिति २०५७/०६/१७ गते देखि आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ ।

साथै माछापुच्छ्रे बैंक लि. र स्टेण्डर्ड फाइनान्स लि. गाभिई कायम भएको "माछापुच्छ्रे बैंक लिमिटेड" लाई "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०६९/०३/११ मा स्वीकृति प्राप्त गरि मिति २०६९/०३/२५ देखि माछापुच्छ्रे बैंक लिमिटेडको नामबाट कारोबार गर्दै आएको छ ।

बैंकको उद्देश्य: बैंकको प्रबन्ध-पत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :

(क) बैंकको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना,विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने र
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :
क) अधिकृत पूँजी : बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (दश अर्ब) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका १०,००,००,०००/- (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी : बैंकको तत्काल जारी शेयर पूँजी रु. ७,३९,०५,४४,०००/- (अक्षेरुपी सात अर्ब उनान्चालिस करोड पाँच लाख चवालीस हजार रुपैया मात्र) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ७,३९,०५,४४० (सात करोड उनान्चालिस लाख पाँच हजार चार सय चालिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी : बैंकको तत्काल चुक्ता शेयर पूँजी रु. ६,५९,८७,००,०००/- (छ अर्ब उनन्साठी करोड सतासी लाख रुपैया मात्र) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,५९,८७,००० (छ करोड उनन्साठी लाख सतासी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजी रु. ७,३९,०५,४४,०००/-(अक्षेरुपी सात अर्ब उनान्चालिस करोड पाँच लाख चवालीस हजार रुपैया मात्र) हुनेछ ।

६. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना :
शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना:

समूह	शेयरधनीहरु	शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३७,६९१,७७४.४०	५१%	३,७६९,१७७,४४०.००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	३६,२१३,६६५.६०	४९%	३,६२१,३६६,५६०.००	शतप्रतिशत
	जम्मा	७३,९०५,४४०.००	१००%	७,३९०,५४४,०००.००	शतप्रतिशत

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :
बैंकको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	प्रतिनिधित्व	व्यवसायिक अनुभव र आबद्ध संस्था
१.	श्री रोशन के.सी. कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका मुस्ताङ्ग चोक ।	अध्यक्ष	स्नातक (सिभिल ईन्जिनियर)	(संस्थापक समूह)	हाईड्रो व्यवसायमा संलग्न र निम्न कम्पनीहरुमा आवद्ध हुनुहुन्छः १) सिकलिज हाईड्रोपावर प्रा.लि. २) भगवती हाईड्रोपावर प्रा.लि. ३) टास्क हाईड्रोपावर प्रा.लि.
२.	श्री ज्ञान प्रसाद कर्माचार्य काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-१३ कालिमाटी, रविभवन ।	संचालक	स्नातक (वि.ए.)	(संस्थापक समूह)	उद्योग व्यापारमा ४० वर्ष देखि संलग्न भै काम गर्दै आउनु भएको र निम्न कम्पनीमा संलग्नः १) अन्नपुर्ण टयानिङ्ग ईण्डस्ट्रिज २) पायनियर लेदर ईण्डष्ट्रिज प्रा.लि. ३) नेपाल हाइड एण्ड स्क्रिन प्रा.लि. ४) नेपाल हाउजिङ्ग कम्पनी प्रा.लि. ५) नेपाल लुब्रीकेट प्रा.लि. ६) एस.के. ओभरसिज कन्सर्न प्रा.लि. ७) नेपाल ओभरसिज ट्रेडिङ्ग कन्सर्न प्रा.लि.
३.	श्री गोपीकृष्ण न्यौपाने भक्तपुर जिल्ला मध्यपुर थिमि नगरपालिका-१५ (श्री हिमालयन इन्टरप्राईजेज प्रा.लि.को तर्फबाट साधारण सभाबाट निर्वाचित)	संचालक	स्नातकोत्तर (एम.वि.ए)	(संस्थापक समूह)	व्यापारिक क्षेत्रमा कार्य गर्दै आउनु भएको र निम्न कम्पनीमा संलग्नः १) हिल साईड कलेज अफ ईन्जिनियरिङ्ग २) मेट्रो अटो सेन्टर ३) जि.के. न्यौपाने एण्ड एशोसिएटस्
४.	श्री जय मुकुन्द खनाल काठमाडौं-४, बालुवाटार ।	संचालक	स्नातकोत्तर (एम.बि.ए.)	स्वतन्त्र व्यावसायिक विशेषज्ञ	नेपाल सरकारका पूर्व सचिव
५.	श्री राम मान श्रेष्ठ काठमाडौं जिल्ला का.म.न.पा.-२९, डिल्लीबजार	संचालक	एस.एल.सी.	(सर्वसाधारण समूह)	भुतपुर्व संचालक नेपाल फाइनान्स लि.
६.	श्री विश्व प्रकाश गौतम कास्की जिल्ला पोखरा, मुस्ताङ्ग चोक ।	संचालक	स्नातक (बी.बी.ए)	(सर्वसाधारण समूह)	व्यापारिक क्षेत्रमा कार्यरत र निम्न कम्पनीमा संलग्नः १) के.सी. कन्स्ट्रक्सन प्रा.लि.
७.	श्री ओमेश लाल श्रेष्ठ काठमाडौं जिल्ला, कलंकी-१४	संचालक	स्नातकोत्तर (मास्टर अफ साइन्स ईन इन्फोरमेशन सिस्टम)	(सर्वसाधारण समूह)	व्यापारिक क्षेत्रमा कार्यरत र निम्न कम्पनीमा संलग्नः १) ओम डाटा सेन्टर प्रा.लि.

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : श्री निरज कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत **ठेगाना** : नारायणचौर, नक्साल, काठमाडौं **योग्यता** : स्नाकोत्तर (एम.वि.ए.)

अनुभव : नेपालका विभिन्न बैंक तथा वित्तिय संस्थाहरु (जस्तैः स्ट्याण्डर्ड चाटर्ड बैंक नेपाल लि. (साविक नेपाल ग्रिण्डलेज बैंक लि.) मा विभिन्न शाखा प्रबन्धक, अन्तराष्ट्रिय ट्रेड फाईनान्स्, कर्पोरेट ट्रेड फाईनान्स्, बिजनेश बैंकिङ्ग, एस फाईनान्स् कम्पनी लि. मा प्रमुख कार्यकारी अधिकृत, एनआईसी एसिया बैंक लि. मा महाप्रबन्धक बिजनेश बैंकिङ्ग, ग्लोबल आईएमई बैंक लि.मा नायव प्रमुख कार्यकारी अधिकृत जस्ता विभिन्न पदहरुमा रही विगत २६ बर्षदेखिको बैंकिङ्ग अनुभव हासिल गरेको । साथै, बैंकक, भारत, हङ्गकङ्ग, युएई आदि देशहरुबाट बैंकिङ्ग क्षेत्रका विभिन्न विधाहरुमा तालिम हासिल गरेको ।

८. सञ्चालक समितिको बनौट :
बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

संस्थापक समूहका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित	५ जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	३ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

द्रष्टव्य : यस बैंकका निवर्तमान अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यू र पूर्व संचालक श्री प्रकाश के.सी.ज्यूले संचालक पदबाट दिनु भएको राजिनामा यस बैंकको मिति २०७४।०१।१४ मा बसेको संचालक समितिको ३४४ औं बैठकले स्वीकृत गरेको हुँदा हाल बैंकमा ७ जनाको मात्र संचालक समिति रहेको छ । बैंकको पूँजी संरचना बमोजिम संचालक समितिको संरचनालाई आवश्यक संशोधनका लागि आगामि बार्षिक साधारण सभामा पेश गरिने छ ।

९. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०२/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १० : १.२ को अनुपातमा (विद्यमान १० कित्ता शेयर बराबर नयाँ १.२ कित्ताको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ । यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्तसाथ प्रति शेयर रु.१०० ।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१०. साविकका शेयरधनीले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :
शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन निमावली, २०७३ को नियम २० बमोजिम बाँकी रहेको शेयर बैंकले सार्वजनिक रुपमा सार्वजनिक सूचना प्रकाशन गरी लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्री गरिनेछ ।

११. हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :
बैंकले यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०२/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरीद गर्दा आफ्नो नाममा कायम शेयरको १० : १.२ को अनुपातमा (विद्यमान १० कित्ता शेयर बराबर नयाँ १.२ कित्ताको दरले) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्नेछन् । त्यसो गर्दा बैंकको पूँजी संरचना परिर्वतन हुने अवस्था आएमा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा आगामी वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ । यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय बैंकको सञ्चालक समितिले गर्नेछ ।

यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरकालागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिने छ । तर यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ ।

१२. बैंकको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :
बैंकको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			वास्तविक* चैत्र मसान्त २०७३	प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
१. शेयर पूँजी	२,७७६,२५०	३,४८४,१२३	४,६६६,४३०	६,५९८,७००	८,१९०,५४४	८,१९०,५४४	८,१९०,५४४
२ जगेडा तथा कोषहरु	४५९,४५८	५०६,८५२	६७३,७७३	१,७५८,४०७	१,१२४,३४१	२,५७२,७१७	४,२८०,६५६
३. ऋणपत्र तथा बन्ड	-	-	-	-	-	-	१,०००,०००
४. तिर्न बाँकी कर्जा सापट	-	-	१,२३४,२९१	६३३,९७८	-	-	-
५. निक्षेप दायित्व	३७,१३२,०९३	४४,२०५,६३७	५२,२९१,८७७	५८,०४८,१०७	६३,२३३,८३०	७६,२६४,२४८	९०,३९६,२२४
६. भुक्तनी दिनु पर्ने बिलहरु	१०,८६४	१३,४५६	-	-	-	-	-
७. प्रस्तावित लाभाँश	१५,६५६	२८,०५५	४२,२०५	-	-	-	-
८. आयकर दायित्व	-	-	-	-	-	-	-
९. अन्य दायित्व	३२९,६३६	५१५,३७२	५४६,८९२	१,६९६,४००	५७४,२३७	६०२,९४९	६३३,०९६
कुल पूँजी तथा दायित्व	४०,७२३,९५७	४८,७५३,४९५	५९,४५५,४६८	६८,७३५,५९१	७३,१२२,९५२	८७,६३०,४५८	१०४,५००,५२०

सम्पत्ति	वास्तविक (रु. हजारमा)			वास्तविक* चैत्र मसान्त २०७३	प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
१. नगद मौज्दात	१,७४८,५२९	२,०९६,९६३	२,१०७,१७१	२,०९३,०४०	२,३१७,८८९	२,५४९,६७७	२,८०४,६४५
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३,१६५,४१४	४,६१६,००८	३,८०८,०२९	४,७६८,८१३	४,७६०,०३६	५,९५०,०४५	७,४३७,५५७
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	१,६३२,१०२	१,६७३,५७३	२,०८२,१५३	१,४८२,४०८	२,२९०,३६८	२,५१९,४०५	२,७७१,३४६
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-	-
५. लगानी	३,४६१,२०४	४,४७९,१४३	६,०१०,९१३	५०९,८५९८	७,६२१,७२५	९,५२३,३४७	१२,४५१,२८७
६. कर्जा सापट तथा बिल खरिद	२९,०५३,२४३	३४,२६१,३०३	४३,६३६,१८६	५३,०५८,९५८	५४,२२८,१४७	६५,०८७,९५७	७६,९३५,६५८
७. स्थीर सम्पत्ति	७७७,६४०	७५६,१९५	७५८,९५३	६६९,३२४	८००,१२१	८४०,१२७	८८२,१३४
८. गैर-बैकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	८८५,८२५	८७०,३११	१,०५२,०६२	१,५६४,४५०	१,१०४,६६६	१,१५९,८९९	१,२१७,८९४
कुल सम्पत्ति	४०,७२३,९५७	४८,७५३,४९५	५९,४५५,४६८	६८,७३५,५९१	७३,१२२,९५२	८७,६३०,४५८	१०४,५००,५२०

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			वास्तविक* चैत्र मसान्त २०७३	प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
ब्याज आम्दानी	२,८३६,३६४	३१०९,२७०	३,४९५,३००	३,५८१,४९८	४,८९०,१४८	५,७९३,८९८	६,९३८,३७७
ब्याज खर्च	१,७२०,३६७	१,७५३,३४८	१,६३७,९८०	१,८२९,८८७	२,३१७,८९३	२,८६८,८४३	३,५८६,२८६
खूद ब्याज आम्दानी	१,११५,९९७	१,३५५,९२२	१,८५७,३२०	१,७५१,६११	२,५७२,२५६	२,९२५,०५५	३,३५२,०९१
कमिशन तथा डिस्काउण्ट	६१,२५५	९१,६२५	९१,४२०	९१,१४९	९८,९८३	११८,७८०	१४२,५३६
अन्य संचालन आम्दानी	१८१,०१८	१७९,१८९	२२६,१५८	२,३३,०२८	२८७,२२०	३३०,३०३	३७९,८४९
सटही घटबढ आम्दानी	५०,९८२	७९,३४५	११८,५२६	१०२,२८९	१७२,४३६	२२४,१६७	२९१,४१७
कूल संचालन आम्दानी	१,४०९,२५२	१,७०६,०८२	२,२९३,४२४	२,१७८,०७७	३,१३०,८९५	३,५९८,३०५	४,१६५,८९२
कर्मचारी खर्च	२७९,८४४	३४९,६३४	४७०,०९८	३६८,५४४	५१६,८६९	५९४,४००	६५३,८४०
अन्य संचालन खर्च	३८१,३३०	४१२,१२७	४२५,८६६	३३३,२७१	५११,०४०	५८७,६९५	६७५,८५०
सटही घटबढ नोक्सान	५,१८४	-	२,०१६	-	-	-	-
संभावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मूनाफा	७४२,८९४	९४४,३२१	१,३९५,४४४	१,४७६,२६२	२,१०२,९८६	२,४१६,२१०	२,८३६,२०३
सम्भावित नोक्सानी ब्यबस्थाहरु	१७०,७०८	१९६,७५८	१३६,८९१	१४५,०७५	१७३,८०८	१४०,१९०	१५२,२९८
संचालन मुनाफा	५७२,१८६	७४७,५६३	१२५८,५५४	१,३३१,१८७	१,९२९,१७९	२,२७६,०१९	२,६८३,९०४
गैर संचालन आम्दानी/(नोक्सान)	१८,९६६	९२,००१	३२,२८५	९४,५०६	३६,०००	-	-
सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	१८०,७४६	१५१,१९७	१२६,१०१	१३५,९००	-	-	-
नियमित कारोवारबाट भएको मूनाफा	७७१,८९९	९९०,७६१	१,४१६,९४०	१,५६१,५९२	१,९६५,१७९	२,२७६,०१९	२,६८३,९०४
असामान्य कारोबारबाट भएको मूनाफा/(नोक्सान)	(६३,४८३)	५,७७०	५,८५०	१७,९३३	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा	७०८,४१६	९९६,५३१	१,४२२,७९०	१,५७९,५२४	१,९६५,१७९	२,२७६,०१९	२,६८३,९०४
कर्मचारी बोनस ब्यबस्था	६४,४०१	९०,५९४	१२९,३४५	१४३,५९३	१७८,६५३	२०६,९११	२४३,९९१
आयकर ब्यबस्था	१८९,३२७	२८९,५६५	३९५,२२२	४३०,७७९	५३५,९५८	६२०,७३३	७३१,९७४
यस बर्ष	८९,९६९	२२२,७०२	३७१,५३५		५३५,९५८	६२०,७३३	७३१,९७४
गत बर्ष	९७	१८,१६४	१४,३९५		-	-	-
यस बर्षको स्थगन कर (आम्दानी)/खर्च	९९,२६१	४८,६९९	९,२९२		-	-	-
खूद नाफा/नोक्सान	४५४,६८८	६१६,३७३	८९८,२२३	१,००५,१५२	१,२५०,५६८	१,४४८,३७६	१,७०७,९३९

नाफा-नोक्सान बाँडफाँड हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
आम्दानी						
गत वर्षसम्मको संचित मूनाफा	-	४५,७४३	३,५८५	२,५४८	२०३,००२	१,३६१,७०३
यस वर्षको मूनाफा	४५४,६८८	६१६,३७३	८९८,२२३	१,२५०,५६८	१,४४८,३७६	१,७०७,९३९
कर्मचारी घरजग्गाको ब्याज	-	४८,३१४	-	-	-	-
संचित विदा वापतको व्यवस्था	-	(५६,१९७)	-	-	-	-
सटही घटबढ कोष	-	-	२,०१६	-	-	-
शेयर प्रिमियमबाट सारिएको	-	-	११२,७९२	-	-	-
स्थगन कर कोष	-	४८६९९	९,२९२	-	-	-
लगानी समायोजन कोष	-	-	३७९	-	-	-
जम्मा	४५४,६८८	७०२,९३०	१,०२६,२८७	१,२५३,११६	१,६५१,३७८	३,०६९,६४२
खर्च						
गत वर्षसम्मको संचित नोक्सान	१०३,८८४	-	-	-	-	-
यस वर्षको नोक्सान	-	-	-	-	-	-
साधारण जगेडा कोष	९०,९३८	१२३,२७५	१७९,६४५	२५०,११४	२८९,६७५	३४१,५८८
भैपरी आउने जगेडा	-	-	-	-	-	-
संस्था विकास कोष	-	-	-	-	-	-
लाभांश समिकरण कोष	-	-	-	-	-	-
कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-	-	-	-
प्रस्तावित लाभांश	१५,६५६	२८,०५५	४२,२०५	-	-	-
प्रस्तावित बोनस शेयर	२९७,४५५	५३३,०४०	८०१,८९०	८००,०००	-	-
विशेष जगेडा कोष	-	-	-	-	-	-
सटही घटबढ कोष	-	८३	-	-	-	-
पूँजी फिर्ता जगेडा कोष	-	-	-	-	-	-
पूँजी समीकरण कोष	-	-	-	-	-	-
लगानी समायोजन कोष	२७३	१४,८९३	-	-	-	-
स्थगन कर कोष	(९९,२६१)	-	-	-	-	-
ऋणपत्र भुक्तानी कोष	-	-	-	-	-	२००,०००
जम्मा	४०८९४५	६९९,३४५	१०२३,७३९	१,०५०,११४	२८९,६७५	५४१,५८८
सञ्चित मूनाफा/(नोक्सान)	४५,७४३	३५८५	२,५४८	२०३,००२	१,३६१,७०३	२,५२८,०५४

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) =२२.९५%

बैंकको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छः

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
चुक्ता पूँजी	२,४७८,७९५	२,७७६,२५०	३,८६४,५४०	८,१९०,५४४	८,१९०,५४४	८,१९०,५४४
जगेडा तथा कोषहरु	७५६,९१४	१,०३९,८९२	१,४७५,६६३	१,९२४,३४१	२,५७२,७१७	४,२८०,६५६
जम्मा	३,२३५,७०८	३,८१६,१४२	५,३४०,२०३	१०,११४,८८५	१०,७६३,२६१	१२,४७१,२००
घटाउने : स्थगन कर जगेडा						
घटाउने : अपलेखन हुन बाँकी खर्च						
कुल नेटवोर्थ	३,२३५,७०८	३,८१६,१४२	५,३४०,२०३	१०,११४,८८५	१०,७६३,२६१	१२,४७१,२००
शेयर संख्या (हजारमा)	२४,७८८	२७,७६२	३८,६४५	८१,९०५	८१,९०५	८१,९०५
प्रति शेयर नेटवोर्थ (रु.)	१३०.५४	१३७.४६	१३८.१८	१२३.४९	१३१.४१	१५२.२६
प्रति शेयर आम्दानी (रु.)	१८.३४	२२.२०	२५.०४	१५.२७	१७.६८	२०.८५
प्रतिशेयर चुक्ता पँजी (रु.)	१००	१००	१००	१००	१००	१००
नेटवोर्थमा प्रतिफल (%)	१४.०५	१६.१५	१६.८२	१२.३६	१३.४६	१३.७०

* व्यवस्थापनद्वारा प्रमाणित २०७३ पौष मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार ।

** यस आर्थिक तथा वित्तीय प्रक्षेपण बैंक स्वयंले तयार गरेको हो र विश्लेषण एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री सुमन डंगोल गर्नुभएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो बैंकको उद्घोषण रहेको छ ।

१३. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :
क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) बैंकले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।
बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

१४. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :
धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम बैंकले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरि सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँड-पत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरि सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ । यसरी बाँडफाँड भएपश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता निजहरुको हितग्राही खातामा सोझै जम्मा गरिनेछ । हितग्राही खाता नभएका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको भौतिक शेयरलाई अभौतिक गराए पश्चात स्वतः हितग्राही खातामा जम्मा गरिनेछ वा निवेदन दिएमा निजको हितग्राही खातामा जम्मा गरिनेछ ।

१५. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम बैंकले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरि गरिने छ र उक्त शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा उपलब्ध गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाइने छ ।

१६.पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

बैंकको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू)	न्यूनतम शेयर मूल्य (रू)	अन्तिम बजार मूल्य (रू)	शेयर कारोवार संख्या
२०७२/२०७३	६८४	४७५	६८०	१०,१०,६०४
२०७१/२०७२	६०८	४३०	५६४	२२,३३,९६०
२०७०/२०७१	६२६	१९६	५७६	३६,५७,८१३

बैंकको विगत तीन महिनाको शेयर कारोवारको विवरण

फाल्गुण २०७३	४००	३२१	३५७	२,३७,८२७
चैत्र २०७३	४९५	३४७	४४७	६,०८,१७०
बैशाख २०७४	४३६	४१२	४२३	४,२०,३६२

नोटः बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१७. हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :
(१) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०२/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १०:१.२ को अनुपातमा (विद्यमान १० कित्ता शेयर बराबर नयाँ १.२ कित्ता को दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
(२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हितग्राही परिचय नं., हाल कायम रहेको शेयर संख्या, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(३) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।
(४) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा माथि १७ (१) मा उल्लेख भए अनुसार खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०२/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
(७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।
(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि बैंकको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
(९) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ ।
(१०) शेयरको प्रमाणपत्र वितरण नगरिने हुँदा आवेदकले आफ्नो हितग्राही खाता उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नभएका शेयरधनीहरुलाई हितग्राही खाता उपलब्ध गराए पश्चातमात्र बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गरिनेछ ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः
यस विवरण पत्रमा उल्लेख भए अनुसार आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गर्दा शेयरधनीहरुले बैंकको शेयर विभाग, पुतलीसडकमा सम्पर्क राखि निम्न व्यवस्थाहरुको पालना गर्नु पर्नेछ ।
(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न दिन सक्ने,
(ख) मनोनयन भै शेयरको लागि आवेदन दिंदा धितोपत्र बजारको कारोबार इकाई अनुसार आवेदन दिनुपर्ने,
(ग) हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सक्ने छ,
(घ) बैंकको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिनुपर्ने र त्यस्तो हक प्राप्त गर्नेले समेत सोही अवधि भित्र शेयरका लागि दरखास्त दिनु पर्ने ।
(छ) हक हस्तान्तरण गरी आवेदन दिंदा हक हस्तान्तरण गरि लिएको शेयरको चुक्ता रकमको एक प्रतिशत शुल्क समेत बुझाउनु पर्ने ।

हक हस्तान्तरण सम्बन्धमा उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।
(क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको शर्तको अधिनमा रहि (Fit and Proper Test) पूरा गरेका व्यक्तिलाई नेपाल राष्ट्र बैंकबाट जारि निर्देशन तथा धितोपत्र सम्बन्धि अन्य प्रचलित नियम कानून अन्तर्गत रही हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत् भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।
(ख) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंकको हकप्रद सेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन ।
(ग) बैंकका संस्थापक शेयरधनीहरुमध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भई रहेका संस्थापक शेयरधनीले बैंकको हकप्रद शेयर खरिद गर्न पाउने छैनन् ।

१९. धितोपत्र खरीदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

सि.नं.	संकलन केन्द्रहरु
१	माछापुच्छ्रे बैंक लिमिटेड, एमबिएल टावर, लजिम्पाट, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु ।
२	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं* ।

*उपरोक्त संकलन केन्द्रमा दरखास्त फारमसाथ चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ ।

उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंद्वारा अन्य माध्यममार्फत सुचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न व्यवस्था गरिने छ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन

२०. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :
यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं	०१०१५२४३०६०३२०३८

नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिने छ ।

२१. हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२२. लगानीकर्ताहरुको गुनासो तथा सुझाव सम्बन्धी व्यवस्था :
बैंकको प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः फोन नं.४४३७९६३, फ्याक्स नं.४४३७९६०, E-mail: info@nmbcl.com.np ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः
यस हकप्रद शेयर निष्काशनका लागी नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ असार मसान्तभित्र न्यूनतम पूँजी बृद्धि गरिसक्नुपर्ने गरी निर्देशन दिएको सन्दर्भमा देहायका शर्तहरु पुरा गरेकोले यस बैंकले क्रेडिट रेटिङ्ग गर्नु नपर्ने गरी छुटको व्यवस्था रहेको छ ।
१) अंकित मूल्य रु .१००।– मा हकप्रद शेयर जारी गरीएको ।
२) प्रति शेयर नेटवर्थ रु. १०० भन्दा बढी अर्थात मिति २०७३ चैत्र मसान्तको वित्तीय विवरण अनुसार रु.१२६.६० रहेको ।
३) अंकित मूल्यभन्दा बजार मूल्य बढी अर्थात मिति २०७३ चैत्र ३१ गते नेपाल स्टक एक्सचेञ्ज लि.को तथ्याकं अनुसार अन्तिम मूल्य रु.४४७ रहेको ।
४) विगत पाँच वर्ष भन्दा अघिदेखि संचालनमा रही कम्तीमा तीन वर्ष नाफामा संचालित भएको र संचित नोक्सान नभएको ।
५) NPA (Non Performing Assets) नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र अर्थात मिति २०७३ चैत्र मसान्तको वित्तीय विवरण अनुसार ०.३६% रहेको ।
६) पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

२४. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :
यस बैंकको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. ४५,२७,५६,१००/- जम्मा गरिसकेको जानकारी गराउंदछौं ।



दरखास्त फारामको नमूना

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गका इजाजतपत्र प्राप्त संस्था)
रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९
कर्पोरेट कार्यालय, एमबिएल टावर, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन नं. : ०१-४४२८५५६, फ्याक्स नं : ०१-४४२५३५६
इमेल: machbank@mbl.com.np, वेबसाइट: www.machbank.com
को

सि.नं.

हकप्रद शेयर खरीद दरखास्त फाराम

कोड नं. ☐☐☐
शेयरधनी नं. ☐☐☐☐☐

श्री संचालक समिति,
माछापुच्छ्रे बैंक लिमिटेड
लाजिम्पाट, काठमाडौं, नेपाल ।

मार्फतः
NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड
E-mail: info@nmbcl.com.np URL: www.nmbcapital.com.np

हितग्राही खाता नं. DP ID ☐☐☐☐☐☐☐☐ Client ID ☐☐☐☐☐☐☐☐

महाशय,

त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/०२/१५ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस बैंकको जम्मा (भौतिक/अभौतिक) ………… कित्ता शेयर कायम रहेको हुँदा बैंकले जारी गरेको दश शेयर बराबर नयाँ एक दशमलब दुई शेयर (१० : १.२) को अनुपातमा …………कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ……………. कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)………… कित्ता गरि जम्मा……………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गाउँपलिका/न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		Rural/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन। साथै मैले/हामीले यस दरखास्त फारममा खुलाइएको विवरण साँचो हो। झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

द्रष्टव्य: १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फरम स्वतः रद्द हुनेछ।
४. आफ्नो हक हस्तान्तरण (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको विवरण भरि बैंकको शेयर शाखा, पुतलीसडक, काठमाडौंमा सम्पर्क गरि आफ्नो हकप्रद शेयरको हक हस्तान्तरण गर्न सकिने छ।

यस दरखास्त फारममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः
NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं. DP ID ☐☐☐☐☐☐☐☐ Client ID ☐☐☐☐☐☐☐☐

Applicant's Name					
Company's Name	MACHHAPUCHCHHRE BANK LIMITED				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official Use Only: Code No. ☐☐☐
Received by:
Date: Stamp

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np